# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय,

# गाल्जे कालीकोट

**वार्षिक प्रस्तावित नीति,योजना,कार्यक्रम तथा बजेट वक्तव्य**

**आर्थिक वर्ष २०७९। ०८०**

मिति २०७९ साल असार १० गते

# तिलागुफा नगरपालिका

गाल्जे, कालिकोट

एघारौं नगर सभामा प्रस्तुत आगामी आर्थिक बर्ष २०७९/०८० को

## वर्षिक प्रस्तावित नीति, योजना, कार्यक्रम तथा बजेट बक्तव्य

**मिति २०७९।०३।१० गते**

सभाध्यक्ष ज्यू ,
प्रमुख अतिथि ज्यू,
विशेष अतिथिज्यू,
राजनीतिक दलका केन्द्रीय समितिका सदस्यज्यूहरु,
जिल्ला स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यू हरु
निवर्तमान नगर प्रमुख श्री रत्न बहादुर शाही ज्यू,
भू.पू जनप्रतिनिधिहरु (सांसद,जि.वि.स सभापति, जि.वि.स.सदस्य, गा.वि.स अध्यक्ष)
नगर स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,
जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
नगरपालिकाका विषयगत समितिका संयोजकज्यूहरु
सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु ,
सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु
नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु ,
नगर स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रधानाध्यापक ज्यूहरु ,
यस नगरपालिकाका सम्पूर्ण बजार व्यवस्थापन समितिका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरु
गै.स.स.का प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,

सम्पूर्ण नगर स्थित सामाजिक संजालका प्रमुख एवं प्रतिनिधि ज्यू, (महिला, दलित जनजाति,जेष्ठ नागरिक,वालवालिका, शहिद परिवार,घाइते )पत्रकार बन्धुहरु,/सुरक्षाकर्मी / यस नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस तिलागुफा नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को को वार्षिक नीति, कार्यक्रम तथा वजेट सार्वजनिकीकरण समारोहमा पाल्नु भएका सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम  तिलागुफा नगरपालिका,कालिकोटको तर्फवाट हार्दिक स्वागत ।

यस तिलागुफा नगरपालिकाको सम्मानित एघारौं नगर सभा समक्ष नगरको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०७९।०८० को समग्र  निति तथा कार्यक्रम कार्यान्वयनको दस्ताबेजको रुपमा यो बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहँदा अत्यन्तै गर्वको महसुस गरेको छु ।

यस बजेटले सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक रुपान्तरणको रणनैतिक महत्व राख्ने अपेक्षा समेको राखेको छु । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापन र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र  वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो । २०७९ बैशाख ३० गते शुक्रबारका दिन सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना

व्यक्त गर्दछु । नवनिर्वाचित जनप्रतिनिधिबाट अपेक्षा अनुसारको शासन तथा प्रभावकारी सेवा प्रवाह गर्दे संघीयता कार्यान्वयनको महत्वपूर्ण योग्दान रहने विश्वास लिएको छु । संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक निति, प्रदेश सरकारको नीति दिगो विकासका लक्ष्य तथा नगरवासीको माग विषयगत क्षेत्र विज्ञ तथा सरोकारवाल संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मूल्यांकन र उपलब्ध सिमित साधन श्रोतको आधारमा व्यवस्थासँगै नागरिकको अवस्था बदल्न यो बजेट तयार पारिएको छ। जनचाहनालाई सम्बोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्नु अवश्य पननि सहज विषय छैन तथापि नगरपालिकाको वर्तमान आवश्यकता र दीर्घकालीन सोचका साथ भरस ठूला दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा प्रत्यक्ष सरोकार राख्ने प्राकृतिक योजनाहरु सिर्जना गर्न सक्ने योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

**सभाध्यक्ष ज्यू ,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुको आधारको रुपमा लिइएको छु ।

१ नेपालको संविधान

२. स्थानीय सरकार संचालन ऐन

३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग ऐन २०७४

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४

५.संघीय र प्रदेश सरकारले जारी गरेको नीती कानुन र मापदण्डहरु

६. नगरपालिकाको आन्तरिक श्रोत साधन

७. टोल बस्ती, वडा कार्यालय तथा विषयगत समितिहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु

८. नगरपालिकाद्धारा आयोजित अन्तरक्रिया छलफलबाट प्राप्त सुझावहरु

९.संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नितिहरु

१०.विभिन्न साझेदार संघसंस्थाहरुसँग भएका सहकार्यका प्रतिवद्धता आदि

११.संघीय तथा प्रदेश सरकारबाट प्राप्त प्राप्त वित्तिय हस्तान्तरण सम्बन्धी मार्गदर्शन

१२. नगरपालिकाले निर्माण गरेको ऐन,नियम मापदण्ड र कार्यविधिहरु ,

**अब म आगामी आर्थिक वर्ष २०७९।०८० को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्धेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ।**

(क) नगरबासीहरुको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दे जाने ,

(ख) आर्थिक भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुयाउने ।

(ग) उपलब्ध श्रोत र साधनको उच्चतम प्रयोग गर्दै सन्तुलित र न्यायोचित वितरण गर्ने ।

(घ) विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

(ङ) रोजगारी श्रृजना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(च) मौलिक हकको रुपमा रहेको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने,

(छ) प्रभावकारी सेवा मार्फत सुशासन र मितव्ययितामा आधारित नगरपालिका निर्माण गर्ने,

(ज) दिगो विकासका लक्ष्यहरु पूरा गर्ने,

**आर्थिक वर्ष २०७९।०८० को बजेटका प्राथमिकता क्षेत्रहरु निम्नानुसार छन ।**

(क) शिक्षा,यूवा तथा खेलकूद विकास

(ख) स्वास्थ्य सेवा

(ग) खानेपानी तथा सरसफाई विकास

(घ) पशु तथा कृषि विकास

(ङ) वन, वातावरण, सरसफाई एवं हरियाली तथा विपद् व्यवस्थापन

(च) सहकारी तथा रोजगार प्रवर्द्धन

(छ) यूवा तथा खेलकूद

(ज) सूचना प्रविधि तथा डिजिटल सेवा

(झ) पर्यटन, तथा उद्योग र वाणिज्य

(ञ) लैंगिक समानता, महिला सशक्तिकरण र समाजिक समावेशीकरण

(ट) राजस्व व्यवस्थापन

(ठ) कर्मचारी प्रशासन, जनशक्ति विकास

**सभाध्यक्षज्यू,**

राजस्व परामर्श समितिको सिफारिस, श्रोत अुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसको आधारमा आगार्मी आर्थिक वर्ष २०७९।०८० को लागि आय र व्ययको अनुमान प्रस्तुत गरेको छु ।

| क स | शिर्षकहरु | कुल जम्मा | अक्षरमा |
|---|---|---|---|
| **क** | **समानिकरण अनुदान,राजश्व वाँडफाँड र आन्तरिक आयको क्षेत्रगत विनियोजन** | ० | |
| १ | आर्थिक विकास तर्फका योजना तथा कार्यक्रमहरु | **१५००००००** | एक करोड पचास लाख |
| २ | सामाजिक विकासका योजना तथा कार्यक्रमहरु | **४००००००००** | चार करोड |
| ३ | पुर्वाधार विकासका योजना तथा कार्यक्रमहरु | **३००००००००** | तीन करोड |
| ४ | वन वातानरण तथा विपद् व्यवस्थापनका योजना तथा कार्यक्रम | **५००००००** | पचास लाख |
| ५ | संस्थागत तथा सेवा प्रवाहका योजना तथा कार्यक्रमहरु | **४००००००** | चालीस लाख |
| ६ | जनता सँग मेयर कार्यक्रम | **१००००००००** | एक करोड |
| ७ | गरिबी निवारणका लागी जनता सँग उपमेयर कार्यक्रम | **६००००००** | साठी लाख |
| ८ | समपुरक कोषमा साझेदारी | **२००००००००** | दुई करोड |
| ९ | नगरबासी लाई नि.शुल्क स्वास्थ्य बिमा कार्यक्रम | **५००००००** | पचास लाख |
| १० | भैपरी पुंजिगत | **१००००००** | दश लाख |
| ११ | न्यायिक समितिको सचिवालय संचालन तथा व्यवस्थापन | **२००००००** | बीस लाख |
| १२ | प्रशासनिक खर्च नपा चालु | **१०००००००००** | दश करोड |
| | **जम्मा** | **२३८००००००** | तेइस करोड असी लाख मात्र |
| **ख** | **सशर्त अनुदान तर्फको वियोजित बजेट तथा कार्यक्रमहरु** | | |
| १ | शिक्षा | १३५९००००० | तेह्र करोड उन्नसाठी लाख |
| २ | स्वास्थ्य | ३१६७७००० | तीन करोड सोह्र लाख सत्तहत्तर हजार मात्र |
| ३ | उधोग | ३५००००० | पैतीस लाख |
| ४ | लैङगिक समानता तथा समावेशिकरण | १२२०००० | बाह्रलाख बीस हजार मात्र |
| ५ | कृषि | ५६००००० | छपन्न लाख |
| ६ | ऊर्जा | ८००००० | आठ लाख |
| ७ | पर्यटन | ५००००० | पाँच लाख |
| ८ | यूवा तथा खेलकुद | ३६००००० | छत्तीस लाख |
| ९ | वन | १०७००००० | एक कराड सात लाख |
| १० | खानेपानी तथा सरसफाई | ३००००० | तीन लाख |
| ११ | रोजगार | २२७५३००० | दुई करोड सताइस लाख त्रिपन्न हजार |
| १२ | प्रशासकिय सुशासन | ३९५०००० | उन्नचालीस लाख  पचास हजार मात्र |
| १३ | भवन,आवास तथा शहरी विकास | ३२००००० | बत्तीस लाख |
| १४ | सामाजिक सुरक्षा कार्यक्रम | ८३२१७३३६ | आठ करोड बत्तीस लाख सत्र हजार तीन सय छत्तिस |
| १५ | संघिय सरकारको समपुरक कोष अनुदान | ० | |
| १६ | संघिय सरकारको विशेष कोष अनुदान | ० | |
| १७ | प्रदेश सरकारको विशेष कोष | ५००००००० | पचास लाख |
| १८ | प्रदेश सरकारको समपुरक कोष | ६२४३००० | बैसठी लाख त्रिचालीस हजार |

| | | | |
|---|---|---|---|
| १९ | प्रदेश सरकारको सशर्त अनुदान | १००००००० | एक करोड |
| २० | मुख्यमन्त्री रोजगार कार्यक्रम | १६६८०००० | एक करोड छैसठी लाख असी हजार मात्र |
| **जम्मा** | | ३४४८४०३३६ | चौतीस करोड अठचालीस लाख चालीस हजार तीन सय छत्तिस रुपैया |
| **ग** | **गैर सरकारी संस्था तथा दातृ निकाय मार्फत संचालित कार्यक्रमहरु** | | |
| १ | भकारी कार्यक्रम (हुरेन्डेक नेपाल ) | ७६१६२१३ | छयत्तर लाख सोह्र हजार दुइ सय तेह्र |
| ३ | सहयात्रा दोस्रो परियोजना (किर्डाक) | २४५९४५०० | दुई करोड एकाइस लाख चौबीस हजार पाँच सय |
| ४ | साहस नेपाल | ४०३३४८८ | चालीस लाख तेतीस हजार चार सय अठासी रुपैया मात्र |
| **जम्मा** | | **३६२४४२०१** | तीन करोड बैसठी लाख चबालीस हजार दुई सय एक |
| **कुल जम्मा** | | **६१९०८४५३७** | एकसठी करोड नब्बे लाख चौरासी हजार पाँच सय सैतीस रुपैयमा मात्र |

अब म आर्थिक वर्ष २०७९।०८० को कूल बजेट ६१ करोड ९० लाख ८४ हजार ५३७ रुपैया मात्रको श्रोत अनुमानबाट चालु खर्च तर्फ ५९ करोड ८४ हजार ५३७ रुपैया तथा पूँजीगत खर्च तर्फ २ करोड ९० लाख विनियोजन गरेको व्यहोरा अवगत गराउन चाहान्छु ।

# सामाजिक विकास समिति

## १. शिक्षा युवा तथा खेलकुद

- नगरपालिका भित्रका बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालयका सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम सेवा सुविधा प्रदान गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- नगरपालिका भित्रका विद्यालयहरुको नक्सांकन गर्न सरोकारवालाहरुसँग समन्वय गरी विद्यालय समायोजन र दरबन्दी मिलान गर्ने व्यवस्था मिलाईनेछ ।
- शिक्षाको समग्र विकास र सुधार गर्न नितिगत सुधार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- नगरपालिकाभित्र संचालित विद्यालयहरुमा कक्षा १देखी ३ सम्म अंग्रेजी माध्यामबाट पठनपाठन गरिने व्यवस्था गरिनेछ ।
- खेलकुद क्षेत्रको विकासको लागी खेल प्रशिक्षकको व्यवस्था गरि नियमित खेलकुद कार्यक्रम संचालन गर्ने कार्य गरिनेछ ।
- कुनै एक क्षेत्रको प्राविधिक विषयको उच्च तहमा अध्ययन गर्ने १ जनालाई पुर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ । यसका लागी आवश्यक कार्यविधि बनाईनेछ ।
- शिवालय मा.वि, सत्यदेवि मा.वि र महादेब मा.वि फोइलाई आवासिय विद्यालयको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- आधारभुत तहको सम्पुर्ण परिक्षा नगरपालिका स्तरिय बनाईनेछ ।
- नगरपालिकाबाट सेवा सुविधा पाउने निजिश्रोत शिक्षकहरुको सेवा सुविधालाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको शिक्षा सुधारका लागी सम्पुर्ण शैक्षिक सरोकारवालासँग वृहत शैक्षिक गोष्ठी आयोजना गरी शिक्षा नीतीमा आवश्यक परिमार्जन गरी एकिकृत ढंगले लागु गरिनेछ ।

- नगरपालिकाभित्रका विद्यालयबाट कक्षा ८ र १० को परिक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने १ छात्र १ छात्रा र दलित वा अल्पसंख्यक समुदायबाट पनि १ छात्र र १ छात्रालाई उचित छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र संचालित विद्यालयहरु मध्येबाट सबैभन्दा राम्रो व्यवस्थापन र स्तरिय पठनपाठन गराउने विद्यालय छनोट गरी प्रत्येक वर्ष प्रोत्साहन गरिनेछ ।
- गुणस्तरिय शिक्षा प्रदान गर्न र शिक्षकहरुलाई जवाफदेही बनाउन प्रधानाध्यापकको नगरपालिकासँग र शिक्षकको प्रधानाध्यापक सँग कार्य सम्पादन सम्झौता गराउने व्यवस्था मिलाईनेछ ।
- शिक्षासँग सरोकार राख्ने प्रधानाध्यापक, शिक्षक विव्यसलाई क्षमता अभिबृद्धि तालिम प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- उच्च शिक्षा अध्ययनका लागि यस नगरमा एउटा बहुमुखी क्यामपस स्थापनाका लागि पहल गरिने छ ।
- नगरपालिकाभित्रको विद्यालय शिक्षालाई सुधार गरी गुणस्तरमा अभिवृद्धि गर्न सबै शैक्षिक सरोकारवालाहरुसँग समन्वय गरी **विद्यालय शिक्षा सुधार कार्यक्रम** लागु गरिनेछ ।
- वाल विकास तथा आधारभूत विद्यालयका न्यूनतम मापदण्ड तयार गरी नमूना वाल विकास र विद्यालयको रुपमा विकास गरिनेछ ।
- बहुअपांगताका कारण नियमित विद्यालय गई पठनपाठन गर्न नसक्ने बालबालिकाहरुको लागि **घरमै विद्यालय** कार्यक्रम मार्फत आधारभूत शिक्षामा पहूँच पुयाउने व्यवस्था मिलाइने छ ।
- शिक्षकहरुलाई विद्यालयमा शिक्षण सिकाईको क्षेत्रमा प्राविधिक सहयोग प्रदान गर्न शैक्षणिक स्रोत व्यक्तिको व्यवस्था मिलाईने छ ।

## २. स्वास्थ्य

- सबै स्वास्थ्य संस्थाहरुमा विद्युतिय सुचना तथा प्रविधि प्रणालीको विस्तार गरी व्यवस्थापन सुचना प्रणाली Online Reporting लागु गरिनेछ ।
- सबै स्वास्थ्य सँस्थाहरुमा विद्युतिय हाजिरिको व्यवस्था गरिनेछ ।
- ५० प्रतिशत अनुदान रकम नगरपालिकाले सहयोग गर्ने गरी सबै घरधुरीलाई स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।
- नगर अस्पताललाई विशेषज्ञ चिकित्सक र प्रयोगशाला सहितको सुविधा प्रदान गर्न आवश्यक जनशक्तिको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक वडामा रहेका आधारभुत स्वास्थ्य इकाईहरुलाई प्रसुती केन्द्रको सुविधा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- किशोर किशोरी यौन शिक्षा प्रजनन शिक्षा र परिवार नियोजनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- जेष्ठ नागरिकको, महिला स्वास्थय स्वयम् सेविका स्वास्थ्य **चेक जाँच** निशुल्क गरिने व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवाको पहूँचबाट टाढा रहेका वस्ती कामखेत र लुब्रमा आधारभुत स्वास्थ्य इकाईको स्थापना गरिनेछ ।
- यस नगरपालिका भित्रका नागरिकहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुयाउन विशेषज्ञ चिकित्सक टोली सहित स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सबै नागरिकहरुको पहँच विस्तार गर्न स्वस्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले अगाडी बढाईनेछ । यसकालागी ५० प्रतिशत सम्म आर्थिक दायित्व नगरपालिकाले व्यहोर्नेव्यवस्था मिलाईनेछ । साथै नगर अस्पताल र स्वास्थ्य केन्द्रको स्थापना र व्यवस्थित बनाउन आवस्यक कार्यक्रम गरिनेछ ।

- बैकल्पिक चिकित्सा पद्धतिलाई प्रोत्साहन दिइने छ ।
- माध्यमिक विद्यालयहरुमा आधारभूत स्वास्थ्य सेवा सहित नसिंग सेवा व्यवस्थापनका लागि पहल गरिनेछ ।
- एक घर एक सुधारिएको चुलोको वितरणको सुनिश्चिता गरिएको छ ।
-

### ३. बहुक्षेत्रिय पोषण कार्यक्रम

- नगरपालिकालाई पोषणमैत्री बनाउन पोषणमैत्री स्थानिय तह बनाउने अभियान संचालन गरिनेछ ।
- एकिकृत पोषण संचालन  कार्यक्रमको दिगोपना र स्थानिय रैथाने अन्नहरुको प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।
- पोषणका कार्यक्रमलाई प्रभावकारी संचालन र कार्यान्वयन गर्न वडा समिति, वडास्तरिय निर्देशक समिती, महिला स्वस्थ्य स्वयंसेविकालाई सक्रियरुपमा सहभागी गराईनेछ ।
- **"१ घर १ करेशावारी वर्षैभरी हरियो तरकारी"** अभियानलाई संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

### ४. खानेपानी तथा सरसफाई

- खानेपानीका मुहानहरु पहिचान गरी विकास साझेदारहरुको सहयोगमा तिलागुफा नगरपालिकाको  जलउपयोग गुरु योजना तयार गरिनेछ ।
- नगरपालिका भित्र स्वच्छ र सहजरुपमा खानेपानीको व्यवस्था गरिनेछ ।
- १ घर १ धाराको अभियान संचालन गरिनेछ ।
- नगरपालिकाका बजारक्षेत्रमा सुन्दर सफा बजार बनाउन फोहोर व्यवस्थापन गर्न सफाई कर्मचारीको आबश्यक व्यवस्था गरिनेछ । निश्चि ठाँउमा फोहोरमैला विस्थापन गर्ने कार्य गरिनेछ ।
- सम्भाव्यता अध्ययनका आधारमा तिलागुफा नगरपालिकामा बहुउपयोगी खानेपानी आयोजना संचालन गरिने छ ।

### ५. महिला, जेष्ठ नागरिक,एकल महिला, फरक क्षमता भएका व्यक्ति र बालबालिका

- सामाजिक आर्थिक रुपले पछाडि परेका विपन्न दलित एकल महिलाहरुको क्षमता विकास गर्न तालिमको आयोजना गरिनेछ ।
- एकल महिलाहरुको आय आर्जन र शसक्तिकरण गर्न कार्यक्रम संचालन गरिनेछ ।
- भौतिक संरचनाहरु निर्माण गर्दा बालमैत्री र अपागंमैत्री बनाईनेछ ।
- बालबालिकाहरुको हक अधिकार संरक्षण र संवर्द्धन गर्न समस्याको रुपमा रहेको बालविवाह न्युनिकरण गर्न सरोकारवाला सबैसँग समन्वय गर्दै आवश्यक कार्यक्रम संचालन ल्याइनेछ ।
- बुवाआमा गुमाएका बालबालिकाको शिक्षा, सुरक्षा, संरक्षण, र स्वास्थ्यको सुनिश्चिता गरिने छ ।
- जेष्ठ नागरिकको आफना अनुभव आदान प्रदान गर्न र मनोरन्जन प्रदान गर्न प्रत्येक वडामा जेष्ठ नागरिक मिलनकेन्द्रको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाका २ । २ जना जेष्ठ नागरिकलाई सम्मान गरिनेछ ।
- जातिय छुवाछुतलाई अनत्य गर्न नगरपालिकाबाट जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरि विभिन्न सिपमूल, आयआर्जन कार्यक्रमहरु संचालन गरिने छ ।
- बालमैत्रि स्थानीय शासन घोषणा गर्नका लागि आवश्यक पहल गरिनेछ ।

जनता सँग मेयर कार्यक्रम संचालन गरिनेछ । उक्त कार्यक्रम संचालन गर्न आवश्यक नीति तथा कार्यविधि परिमार्जन सहित संचालन गरिने छ ।

गरिवि न्यूनीकरण,स्वास्थय शिक्षामा उपमेयर कार्यक्रम संचालन गरिने छ। उक्त कार्यक्रमका संचालन गर्नका लागि आवश्यक निति तथा कार्यविधि निर्माण गरिने छ ।

# आर्थिक विकास तर्फ

**१.कृषि विकास**

- तिलागुफा नगरपालिका भित्रको भु बनोटलाई अध्ययन र वर्गिकरण गरी आवश्यकता अनुसार कृषिका पकेट र ब्लकहरु घोषणा गरी कृषिमा आधुनिकीकरण तरिकाले उत्पादकत्व वृद्धि गरिनेछ ।
- खाद्यान्न फलफुल तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उन्नत जातको विउ, आवश्यक श्रोत र सीप प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- सबै वडाका किसानलाई कृषि सम्बन्धी आवश्यक ज्ञान सीप र बालिमा आईपर्ने रोग किरा जस्ता समस्याहरुको समाधान गर्न **कृषकसँग कृषि प्राविधिक कार्यक्रम** संचालन ल्याइनेछ ।
- रैथाने बालीहरुको प्रर्वद्धन गर्न किसानलाई **विउ पुँजि** प्रदान गरी बजारको सुनिश्चितता नगरपालिकाबाट गरिने व्यव्स्था मिलाईनेछ ।
- नगर पालिका स्तरीय कृषि संकलन केन्द्र तथा हाट बजारको व्यवस्था गरिनेछ ,
- कृषकलाई प्राकृतिक प्रकोप र खेतिवालीमा लाग्ने किरा र अन्य रोगबाट हुने क्षेतिको न्युनिकरण गर्न **कृषि विमा कार्यक्रम** संचालन गरिनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गर्न **सिँचाई पुर्वाधार**मा जोड दिइनेछ ।
- कृषिको विकासमा काम गर्ने विभिन्न संघ सँस्था दातृ निकायसँग समन्वय गरी आवश्यक आर्थिक भौतिक र प्राविधिक सहयोग जुटाउन पहल गरिनेछ ।
- फलफुल खेतीको प्रवर्द्धन गर्न १ घर १ बगैंचा अभियानलाई संचालन गरिनेछ र यसको लागी किसानलाई आवश्यक प्राविधिक आर्थिक सहयोग प्रदान गर्न कार्याविधि बनाईनेछ ।
- कृषकले उत्पादन गरेका वस्तुहरुको सुरक्षण र भण्डारण गर्न शित गृह निर्माण गर्न पहल गरिनेछ ।
- नगरपालिका भित्र उत्पादन हुने रैथाने अर्गानिक बालिहरु जस्तै ओखर, सिमी मार्सी चामल, चिनु , कागुनु, जौ मकै आदीलाइ कृषकहरुबाट नगरपालिकाले खरिद गरि बजारीकरणको सुनिश्चितता प्रदान गरिनेछ ।
- प्रांगरिक मल (गोठेमल तथा कम्पोस्ट मल) उत्पादन गरि विकि वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- जिल्ला कृषि विकास कार्यलय कालीकोटसँग समन्वय गरी तिलागुफा नगरपालिकालाई प्रांगारिक नगरपालिका घोषणा गरिने छ ।
- "**एक घर ५ फलफूल विरुवा** " कार्यक्रम लागु गरिनेछ । भौतिक पूर्वाधार विकास र वातावरण विच सन्तुलन कायम राख्न नगरपालिकाको लगानीमा हुने भौतिक पूर्वाधार निर्माणमा अनिवार्य रुपमा विरुवा रोप्नुपर्ने निति ल्याईने छ ।
- नगरपालिकाभित्रको विद्यमान रहेको निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक र उत्पादन मुखी बनाउन र कृषकहरुलाई प्रोत्साहन गर्न **एकिकृत कृषि बिकास परियोजना** मार्फत विभिन्न कार्यक्रम तर्जुमा गरिनेछ ।

## २. पशु सेवा विकास

- ११ वटै वडामा रहेको पशुपञ्छी तथ्यांक संकलन गरी हाल नगरपालिकामा रहेको पशुपंक्षी जन्य पदार्थ निर्यात र आयातको वारेमा संरक्षण गर्न नगरस्तरिय पशुविकास आयेजना प्रोफाईल तयार गरि पशुपालक कृषकलाई प्रोत्सान र सहयोग गर्ने निति लिइनेछ ।
- नगरपालिका भित्र दुध मासु र अण्डामा आत्मनिर्भर बनाउन पशुपालन क्षेत्रमा लाग्न युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक कुखुरापालन बाखापालन र कालिज पालन गर्ने किसान र समुहलाई आवश्यक प्राविधिक सहयोग र प्रोत्साहन प्रदान गरिनेछ ।
- पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न विपन्न र आर्थिक अवस्था कमजोर भएका लगनशिल किसानलाई पशु पैंचो कार्यक्रम लागु गरिनेछ ।
- कम उत्पादन क्षमता भएका पशुको बहिर्गमन गरी उन्नत नश्लका पशुपन्छीको आगमन गर्न र पशुजन्य उत्पादन बढाउन प्राकृतिक पशु प्रजननमा उन्नत पाडा, राँगा, बोका र साँडे वितरण गरिनेछ । कृतिम पशु प्रजननकोलागी राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा र मातहतका निकायसँग समन्वय गरी कृतिम गर्भाधान सेवा विस्तार गर्न पहल गरिनेछ ।
- दुग्ध जन्य पदार्थ र मासुजन्य पदार्थको उत्पादनकोलागी भैसी पकेट क्षेत्र, बाख्रा पकेट क्षेत्र भेडा पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- पशुधनको सुरक्षा गर्न पशु विमा कार्यक्रम संचालन गरिनेछ ।

## ३. पर्यटन कला र संस्कृति

- परम्परागत चलिआएका चाडपर्व कला संस्कृति पैठ मेलाको विकास संरक्षण र संवर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ ।
- भैसिंगौंडा चिल्खाया रुडुबन्चु साँदी जलजला हुँदै रताडा सम्मको पर्यटन पदमार्गको विकास गरिनेछ ।
- नाग्म बजेडी पुगमालिका चुलिमालिका हुँदै खाँडाचक निस्कने पर्यटन पदमार्गको विकास गरिनेछ ।
- पदमार्गको आवश्यक स्थानमा विश्रामगृह शौचालय खानेपानी प्रतिक्षालयको व्यवस्था गरिनेछ ।
- बन्चु साँदी जलजला फुलबारी क्षेत्रलाई समेटेर संरक्षण क्षेत्र घोषणा गर्नकोलागी सम्भाव्यता अध्ययन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- तिलागुफाको वृहत्तर विकास गर्न प्रतिक्षालय, सार्वजनिक शौचालय खानेपानी बनभोज स्थल आदीको निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्थानिय लोक साहित्य कला संस्कृतिको अध्ययन र प्रकाशन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- पुगमालिका देवीको मन्दिर निर्माण गर्न र विश्रामस्थलको निर्माण गर्न आबश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्रका पर्यटन क्षेत्रहरुको पहिचान गरि तिनीहरुको संरक्षण र सम्बर्द्धन गर्नकालागी सम्भाव्यता अध्ययन गरी **पर्यटन बिशेष कार्यक्रम** तर्जुमा गरिनेछ ।
- पर्यटन प्रवर्द्धनका लागि बजेडीचौरलाई शहिद पार्कको रुपमा विकास गरिनेछ ।

# ३ पुर्वाधार विकास

- भौतिक पुर्वाधार मापदण्ड तयार गरी लागु गरिनेछ ।
- नगरपालिकाले निर्माण गर्ने पुर्वाधारका योजनाहरु उपभोक्ता समुह समुदायमा आधाारित संस्थाहरुबाट संचालन गरिनेछ । तर प्रविधिक दृष्टिकोणले उपभोक्ता समुहले गर्न नसक्ने कामहरु ठेक्का प्रकृयाबाट संचालन गरिनेछ ।
- ट्याक खोलिएका ग्रामिण सडकहरुको स्तरोन्नती गर्न जाली नालीको व्यवस्था गरी ग्राभेल गर्न आवश्यक पहल गरिनेछ ।
- घर निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- आ.ब. २०७८।०७९ मा अधुरा र अपुरा योजनाहरुलाई आवश्यकता र औचित्यताको आधारमा बाहेक बजेट विनियोजन नगर्ने नीति अबलम्बन गरिनेछ ।
- वडा भेलाबाट प्राथमिकिकरण गरि आएका योजनालाई बढि प्राथमिकतामा राखी सिफरिस तथा बजेट विनियोजन गर्ने नीति अबलम्बन गरिनेछ ।
- नगरपालिकाभित्रका भौतिक पुर्वाधारहरु सडक खानेपानी विद्युत र संचार सेवालाई प्रभावकारी बनाउन आबश्यक सुधार र स्तरउन्नतीका कार्य गरिनेछ ।
- नगरपालिकामा संघिय सरकार, प्रदेश सरकार र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्धारा संचालन हुने विकास परियोजनाहरुमा **साझेदारी** गरिनुका साथै श्रोतको सुनिश्चितता भएका परियोजनाहरुको परामर्श तथा **विस्तृत परियोजना प्रतिवेदन (DPR)** तयार गरी विकास निर्माण लाई प्रभावकारी बनाईनेछ
- जुविथा बालीचौर देखि छाप्रे सम्म ट्याक खोल्नका आवश्यक बजेट व्यवस्थाका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

**१. विद्युत तथा उर्जा**

- विद्युत प्राधिकरण सँग समन्वय गरी नगरपालिकाका सबै बस्तीहरुमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धनमा जोड दिईनेछ ।
- नगरपालिकाभित्र सम्भाव्यता अध्ययन गरी १ मेगावाट सम्मको जलविद्युत उत्पादन गर्न विशेष पहल गरिनेछ ।

२. तिलागुफा नगरपालिका भित्र आवश्यक भएका ठाँउमा पक्की पुल झोलुर्गे पुल निर्माणका लागी पहल गरिनेछ ।

३. उत्पादन वृद्धि गर्न  तिलागुफा नगरपालिका भित्र आवश्यक पर्ने ठाँउमा सिचाईकुलो, सिँचाई पोखरी र लिफ्ट सिंचाई प्रविधिको विकास गरी कार्यान्वन गरिनेछ ।

४. तिलागुफा नगरपालिकाको एकिकृत प्रशासकिय भवन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

५. तिलागुफा नगरपालिकामा विद्यमान समस्याको रुपमा रहेको संचार सुविधालाई नागरिकको पहुँचमा पुर्‍याउन नेपाल टेलिकम र एन सेल कम्पनि सँग आवश्यक पहल गरिनेछ । यसका लागी नेपाल सरकार सुचना तथा संचार मन्त्रालयसँग अनुरोध गरिनेछ ।

# ४. संस्थागत विकास तथा सेवा प्रबाह शुशासन

**१ सामाजिक सुरक्षा कार्यक्रम**

- समाजवाद उन्मूख लोक कल्याणकारी राज्यको अवधारणा बमोजिम सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई घुम्ती बैक सेवा मार्फत वडाको केन्द्रमा वितरण गरिने प्रवन्ध मिलाईनेछ ।
- सामाजिक सुरक्षा रकम बैंक मार्फत वितरण गरिदै आएको छ । र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई सुचना प्रणालीमा अध्यावधिक सहितको परिचयपत्र उपलव्त्र गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई नेपाल इन्भेष्टमेन्ट बैंकसँग समन्वय गरी सहज ढंगले भत्ता वितरणको व्यवस्था मिलाईनेछ ।
- व्याक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा सम्बन्धी प्रत्येक वडामा सरोकारवालासँग अर्न्तकृया छलफललाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी शिविर चलाईनेछ ।
- वडा सचिबहरुलाई व्याक्तिगत घटना तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ ।
- ७० वर्ष भन्दा माथिका विरामी र गर्भवती महिलाहरुका लागि एम्बुलेन्स सेवा निशुल्क गरिने छ ।

**२ सुचना प्रविधि**

- सार्वजनिक सेवा प्रवाहका कार्यक्रमलाई आधुनिक नविनतम प्रविधिको प्रयोग गरी शुशासन सहित डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह गर्दै उत्पादकत्व र उत्पादन अभिवृद्धि गरी आर्थिक सामाजिक रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- इन्टरनेट सेवा सुलभ सहज र सरलरुपमा प्रदान गर्न सेवा प्रदायक सँस्थाहरुको साझेदारीमा आवश्यक पुर्वाधार निर्माण गरी विद्यालय, स्वास्थ्य सँस्था र नगरपालिका मातहतका सबै कार्यालयमा विस्तार गरिनेछ ।
- तिलागुफा नगरपालिका भित्रका सबै वडाहरुको श्रोत नक्सांकन कार्यलाई सम्पन्न गरिनेछ ।
- नगरपालिकाले प्रदान गरिने सेवा, गरेका विकास निर्माण र योजनाहरुको जानकारी नागरिक तथा सरकारी तवरबाट हुने अनुगमनलाई प्रभावकारी बनाउन **नागरिक एप्स** को विकास गरि कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र प्रयोग भैरहेका प्रणालीहरु वेवसाईट पोर्टल जस्ता सम्पुर्ण व्यवस्थापन प्रणालीलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका मातहतका कार्यालयहरुमा **ई हाजिरी र फेस स्क्यान हाजिरी** गर्ने व्यवस्था मिलाईनेछ ।
- तिलागुफा नगरपालिकामा रहेको प्रस्तावित एफ.एम.संचालनका लागि आवश्यक पर्ने निति निर्माण गरी संचालन प्रकृया अगाडि बढाईने छ ।

**३ प्रशासन संस्थागत विकास तथा शुशासन**

- तिलागुफा नगरपालिकाको पहिचान सहितको लोगा कायम गरिनेछ ।
- नगरपालिकाको आवधिक योजना बनाई योजना कार्यान्वयन गरिनेछ ।

- प्रशासनलाई प्रभावकारी बनाउन, सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र कर्मचारीलाई बदलिंदो परिस्थिती अनुसार सीप ज्ञान र क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमको तालिम आयोजना गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति अबलम्बन गरिनेछ ।
- नगरपालिका भित्रका विषयगत शाखाका प्रमुखलाई जिम्मेवार बनाउन प्रमुख प्रशासकिय अधिकृतले कार्यसम्पादन सम्झौता गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका कर्मचारी, जनप्रतिनिधि, न्यायिक समिती, र विषयगत समितीको क्षमता अभिवृद्धि तालिमको आयोजना गरिनेछ ।
- सुचकांकको आधारमा वडा तथा जनप्रतिनिधीलाई सम्मान गर्ने कार्यक्रम गरिनेछ ।
- नगरपालिकाको शान्ती सुरक्षा अमन चयन कायम गर्नको लागी आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र हुने सबै प्रकारका **आर्थिक अनियमिततालाई न्युनिकरण** गरिनेछ । साथै महालेखा परिक्षकको प्रतिवेदन अनुसार यस नगरपालिकाको नाममा रहेको वेरुजु फछर्यौट गर्न आवश्यक कार्य गरिनेछ । र अनाबश्यक हुने खर्च कटौति गरी खर्चमा मितव्ययिता अपनाईनेछ ।
- नगरपालिका भित्र हुने कामलाई पारदर्सी चुस्त दुरुस्त र सहज बनाइ सेवा ग्राही नागरिकहरुलाई सुशासनको प्रतयाभूति दिन र गुनासो सुनुवाइ गर्न **कल सेन्टरको** व्यवस्था गरी साताको १ दिन **जनतासँग हेलो मेयर** संवाद कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका भित्र आईपर्ने राजनैतिक समस्या र कानुनी समस्या र विकास समृद्धिको विषयमा आवश्यक सल्लाह सुझाव दिनको लागि राजनैतिक, कानूनी तथा विकास सल्लाहकार विज्ञको व्यवस्था गरिने छ ।

# ५ बन वातावरण तथा विपद व्यवस्थापन

- नगरपालिकामा पहिरोको जोखिम रहेको स्थानहरुको पहिचान गरि भुसंरक्षण र वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गराईनेछ ।
- बन पैदावारको चोरी निकासी तथा जंगल संरक्षण गर्न वन कार्यालय सँग समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- विपद प्रतिकार्य योजना बनाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- हरियाली नगरको परिकल्पनालाई साकार पार्न नगरपालिकाको सिमाना चौखोला देखी नाग्म बजारसम्म कर्णाली राजमार्गको छेउमा वृक्षारोपण गर्ने कार्यको थालनी गरिनेछ ।
- सामुदायिक बनको संरक्षण गरि व्यवस्थित गरिनेछ ।
- नगरपालिककाको विभिन्न ठाँउमा बर्षाको पानीलाई पुर्नभरणको व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको बन ऐन २०७९ बनाई लागु गरिनेछ ।

### ६. सिप विकास सम्बन्धी

- लक्षित वर्गलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाकोो समन्वयमा सीपमुलक तालिम प्रदान गरी शसक्तिकरण गरिनेछ ।

- उद्यम गर्न चाहने युवाहरुलाई माग र आवश्यकता बमोजिम तालिम दिई स्वरोजगार बन्न अभिप्रेरित गरिनेछ। सिप परिक्षणमा उतिर्ण भएका युवाहरुलाई नगरभित्र संचालन हुने विकास निर्माणका कार्यमा रोजगारी प्रदान गरिनेछ ।
- स्थानिय श्रोत साधनमा आधारित स्वरोजगारी हुने सीपमुलक तालिम संचालनमा जोड दिईनेछ ।
- नगरपालिका भित्रका बेरोजगार युवाहरुलाई रोजगारी तर्फ उन्मुख गराउनकालागी विभिन्न किसिमका सिपमुलक तालिम दिइने र सीप परिक्षण गर्ने व्यवस्था मिदाईनेछ । सीप परिक्षणमा उतिर्ण भएकाहरुलाई नगरपालिका भित्र संचालन हुने विकास निर्माणका कामहरुमा रोजगारीको अवसर प्रदान गरिनेछ यो काम रोजगारी तथा सीप विकास परियोजना मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- शहिद परिवारहरुको जिवनस्तर सुधारका लागि आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ७. आन्तरिक राजस्व तर्फ

- नगरपालिकामा सबैभन्दा बढि कर तिर्ने करदातालाई सम्मान गर्ने निती अबलम्बन गरिनेछ ।
- नगरपालिकामा सबैभन्दा बढि राजस्व बुझाउने वडालाई सम्मान गरिनेछ ।
- नगरपालिका भित्रको आन्तरिक राजश्वमा वृद्धि गर्न करको दायरा फराकिलो बनाईनेछ । स्थानिय कानुनको परिमार्जन गरिनेछ । यस नगरपालिका भित्र रहेका व्यापारिक केन्द्र नाग्म बजार, गाल्जे बजार लगायतका सम्पुर्ण व्यवसायीलाई करको दायरामा ल्याइनेछ ।
- राजस्व संकलनका प्रमुख श्रोतको रुपमा रहेका -जडिबुटि काष्ठ र गैरकाष्ठ क्षेत्रहरुको पहिचान गरि राजस्व संकलनका आवश्यक निति अवलम्बन गरिनेछ ।
- राजस्व संकलनमा सहयोग पुर्‍याउने अन्तर स्थानिय तह संघिय तथा प्रदेश सरकार निजी क्षेत्र र विकास साझेदारसँग समन्वय तथा अन्तरसम्वादलाई प्राथमिकतामा राखिनेछ ।
- यस तिलागुफा नगरपालिकाको ११ वटै वडाहरुमा राजस्व एकीकृत गर्नका लागि सप्टवेयरको संचालनका लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

**अन्तमा**

आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको निति तथा विनियोजित बजेटबाट तिलागुफा नगरपालिकाको भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुयाउनु हुने नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, वडा अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारी नगर सभाका सदस्य कर्मचारी संचारकर्मी, नागरिक समाज लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुयाउनु हुने सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**महेन्द्र बहादुर शाही**
**नगर उपप्रमुख**
**तिलागुफा नगरपालिका कालीकोट**